**आकाशवाणी समाचार- नेपाली**

मितिः २२ जुलाई २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. उप राष्ट्रपति जगदीप धनखरले स्वास्थ्यको कारण देखाउँदै आफ्नो पदबाट राजीनामा दिनु भएको छ।

२. हिजो संसदको मनसुन अधिवेशनको पहिलो दिन विपक्षी दलहरूले धेरै मुद्दाहरूमा कार्यवाही अवरुद्ध गरेपछि आज बिहान ११ बजीसम्मको लागि स्थगित गरिएको छ।

३. बिहार देशको पहिलो राज्य बनेको छ जहाँ प्रत्येक मतदान केन्द्रमा एक हजार दुई सयभन्दा कम मतदाता हुनेछन्।

४. महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले छत्रपति शिवाजी महाराजको काम सधैं विश्वव्यापी स्तरको रहेको बताउनु भएको छ।

५. हिजो दिउँसो ढाकाको उत्तरा क्षेत्रमा बंगलादेश वायुसेना जेट दुर्घटनाग्रस्त हुँदा कम्तिमा २२ जनाको मृत्यु भएको छ भने १६९ जना घाइते भएका छन्।

**उप राष्ट्रपति – राजीनामा**

उप राष्ट्रपति जगदीप धनखरले स्वास्थ्यको कारण देखाउँदै आफ्नो पदबाट राजीनामा दिनु भएको छ। राष्ट्रपति द्रौपदी मुर्मुलाई लेखेको पत्रमा, श्री धनखरले स्वास्थ्य प्राथमिकता र चिकित्सा सल्लाह पालना गर्दै तत्काल लागू हुने गरी राजीनामा दिएको बताउनु भएको छ। श्री धनखरले आफ्नो कार्यकालमा राष्ट्रपतिले गर्नुभएको निरन्तर सहयोगको लागि कृतज्ञता व्यक्त गर्नु भयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदी र मन्त्रिपरिषद्प्रति पनि कृतज्ञता व्यक्त गर्नु भयो। श्री धनखरले प्रधानमन्त्रीको सहयोग र समर्थन अमूल्य रहेको र आफ्नो कार्यकालमा धेरै कुरा सिकेको बताउनु भयो। उहाँले सांसदहरूबाट प्राप्त स्नेह र विश्वासलाई आफ्नो सम्झनामा सधैं कदर गर्ने बताउनु भएको छ।श्री धनखरले यस महान लोकतन्त्रमा उप राष्ट्रपतिको रूपमा प्राप्त गर्नुभएको अमूल्य अनुभव र विचारहरूको लागि उहाँ धेरै आभारी रहेको बताउनु भएको छ। श्री धनखरले यस अवधिमा भारतको उल्लेखनीय आर्थिक प्रगति र अभूतपूर्व विकासको साक्षी हुनु र त्यसमा भाग लिनु आफ्नो लागि ठूलो भाग्य र सन्तुष्टिको कुरा भएको बताउनु भएको छ। उहाँले देशको इतिहासमा परिवर्तनको यस अवधिमा सेवा गर्नु आफ्नो लागि साँचो सम्मान भएको बताउनु भएको छ।

**संसद-कार्यवाही**

हिजो संसदको मनसुन अधिवेशनको पहिलो दिन विपक्षी दलहरूले धेरै मुद्दाहरूमा कार्यवाही अवरुद्ध गरे। अन्य मुद्दाहरूबाहेक, विपक्षी दलहरूले पहलगाम आतंकवादी हमला र अपरेशन सिन्दूरमा तत्काल छलफलको माग गरिरहेका थिए। हाम्रा संवाददाताले रिपोर्ट दिए अनुसार दुवै सदनमा विपक्षी दलहरूले नाराबाजी गरे र यी मुद्दाहरूमा निरन्तर छलफलको माग गर्दै हंगामा मच्चाए। संसदीय मामिला मन्त्री किरण रिजिजु र रक्षामन्त्री राजनाथ सिंहले सरकार संसदमा सबै मुद्दाहरूमा छलफल गर्न तयार रहेको आश्वासन दिनु भयो तर विपक्षीहरूले सिर्जना गरेको कोलाहलका कारण लोकसभाको कार्यवाही तीनपटक स्थगित गरियो। दुईपटक स्थगित भएपछि दिउँसो ४ बजे सदनको कार्यवाही पुनः सुरु हुँदा कोलाहलको स्थिति जारी रह्यो र लोकसभा अधक्षले दिनको लागिकार्यवाही स्थगित गर्नुपर्‍यो।तर, बिहान स्थगनपछि राज्यसभाको कार्यवाही सहज रूपमा चल्यो। राज्यसभामा प्रश्नोत्तर र विशेष उल्लेख भयो र छलफलपछि मुद्रा आयात विधेयक २०२५ पनि पारित भयो।न्यायाधीश यशवंत वर्मालाई हटाउन संसदका धेरै

सदस्यहरूले लोकसभा अध्यक्ष ओम बिरलालाई ज्ञापन पत्र बुझाए। भाजपा, कांग्रेस, तेलुगु देशम पार्टी, जनता दल युनाइटेड र मार्क्सवादी कम्युनिस्ट पार्टी लगायत लोकसभाका १४५ सदस्यहरूले संविधानको धारा १२४, २१७ र २१८ अन्तर्गत न्यायाधीश वर्मा विरुद्धको महाभियोग प्रस्तावमा हस्ताक्षर गरेका छन्।संसदले न्यायाधीश यशवंत वर्माको निवासमा भएको नगद बरामदसँग सम्बन्धित मुद्दाको छानबिन गर्नेछ।

**निर्वाचन आयोग-बिहार**

बिहार देशको पहिलो राज्य बनेको छ जहाँ प्रत्येक मतदान केन्द्रमा एक हजार दुई सयभन्दा कम मतदाता हुनेछन्। हिजो यो घोषणा गर्दै निर्वाचन आयोगले भन्यो कि यो कदमको उद्देश्य लामो लाइनहरू कम गर्नु र मतदान प्रक्रियालाई सहज बनाउनु हो। यसका लागि, राज्यभर बाह्र हजार आठ सय १७ नयाँ मतदान केन्द्रहरू सिर्जना गरिएको छ। पहिले, प्रत्येक मतदान केन्द्रमा एक हजार पाँच सय मतदाताको सीमा थियो, जुन मतदाता सूचीको विशेष गहन संशोधन - एसआईआर अन्तर्गत एक हजार दुई सयमा परिमार्जन गरिएको छ। यससँगै, बिहारमा मतदान केन्द्रहरूको जम्मा संख्या अब ९० हजार सात सय बाह्र पुगेको छ।निर्वाचन आयोगले बिहारमा जारी एसआईआरको अवधिमा अहिलेसम्म सात करोड सोह्र लाखभन्दा बढी मतगणना फारमहरू बुझाइएको बताएको छ। आयोगले भनेको छ, १ अगस्टदेखि, कुनै पनि व्यक्तिले मस्यौदा मतदाता सूचीमा कुनै पनि मतदाताको नाम थप्ने, मेटाउने वा सच्याउने सम्बन्धी आपत्ति दर्ता गर्न सक्छ।

**बाइट**

**बंगलादेशी पक्राउ**

पश्चिम बंगाल पुलिसले हिजो मुर्शिदाबाद जिल्लाबाट अवैध रूपमा भारत प्रवेश गरेका आठ बंगलादेशीलाई पक्राउ गरेको छ। यी बंगलादेशी नागरिकहरूलाई अवैध रूपमा भारत प्रवेश गर्न मद्दत गरेको आरोपमा अन्य तीनजनालाई पक्राउ गरिएको छ। पुलिसले आठ बंगलादेशी नागरिक र उनीहरूलाई आश्रय दिने तीन भारतीयलाई दुई फरक ठाउँबाट पक्राउ गरिएको बताएको छ। पुलिसले पाँच बंगलादेशी नागरिक र उनीहरूका दुई भारतीय सहयोगीलाई मुर्शिदाबाद जिल्लाको लालगोलाबाट पक्राउ गरिएको बताएको छ। यी बंगलादेशी नागरिकहरू बंगलादेशको चपाई नवाबगंज र राजशाहीका बासिन्दा थिए जुन जमात-उल-मुजाहिदीन बंगलादेश, हिज्बुत-उत-तहरीर र अन्सारुल्लाह बंगला टोली जस्ता कट्टरपन्थी संगठनहरूको केन्द्र हो। पक्राउ परेका व्यक्तिहरू विरुद्ध सम्बन्धित धाराहरू अन्तर्गत मुद्दा दर्ता गरिएको छ। पुलिसले भनेको छ, पक्राउ परेका सबै व्यक्तिहरूलाई तल्लो अदालतमा पेश गरिनेछ र थप अनुसन्धानका लागि सात दिनको पुलिस हिरासतमा राखिनेछ। मुर्शिदाबाद जिल्लाको रानीनगरबाट तीन बंगलादेशी नागरिक र उनीहरूका भारतीय सहयोगीलाई पक्राउ गरिएको छ।

**महाराष्ट्रका मुख्यमन्त्री-शिवाजी किल्ला**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले छत्रपति शिवाजी महाराजको काम सधैं विश्वव्यापी स्तरको रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो, युनेस्कोले छत्रपति शिवाजी महाराजका १२ किल्लाहरूलाई विश्व सम्पदा स्थलको रूपमा मान्यता दिनुले उहाँको विश्वव्यापी स्तरको कामलाई औपचारिक मान्यता दिएको छ। श्री फडणवीसले एक समारोहमा भन्नु भयो, यो सम्मान सम्पूर्ण देश र मराठी जनताको लागि गर्वको कुरा हो। उहाँले भन्नु भयो, केन्द्र सरकारले महाराष्ट्र सरकारले पठाएको १२ किल्लाहरूको नामांकनलाई प्राथमिकता दिएको छ र विश्व सम्पदा मान्यताको लागि युनेस्कोलाई आधिकारिक रूपमा सिफारिस गरेको छ।

**एमएनएफ विधायक-निधन**

मिजो राष्ट्रिय मोर्चाका विधायक लालरिन्तलुआंगा साइलोको हिजो दिल्लीको एक अस्पतालमा निधन भयो। उहाँ मिजोरमको डम्पा निर्वाचन क्षेत्रका विधायक हुनुहुन्थ्यो र ६५ वर्षका हुनुहुन्थ्यो। उहाँको पारिवारिक स्रोतले श्री साइलो स्क्रब टाइफससहित धेरै गम्भीर रोगबाट पीडित रहेको बताएको छ।

**स्टक ब्रोकर प्लेटफर्म**

भारतीय धितोपत्र तथा विनिमय बोर्डले स्टक एक्सचेन्जहरूसँगको सहकार्यमा स्टक ब्रोकरहरूका लागि केन्द्रीकृत अनुपालन रिपोर्टिङ प्लेटफर्म सुरु गरेको छ। राष्ट्रिय स्टक एक्सचेन्जको यो प्लेटफर्मलाई सामूहिक रिपोर्टिङ प्लेटफर्म भनिनेछ। 1 अगस्टदेखि

धेरै स्टक बजारहरूमा दर्ता भएका ब्रोकरहरूले यो एकल प्लेटफर्ममार्फत चालीस प्रमुख अनुपालन रिपोर्टहरू पेश गर्न सक्षम हुनेछन्। यसले लागत घटाउनेछ। यसको पहिलो चरणमा लगभग नौ सय नब्बे स्टक ब्रोकरहरूले लाभ उठाउने अपेक्षा गरिएको छ। यसलाई पछि विस्तार गरिनेछ।

**बंगलादेश-विमान दुर्घटना**

हिजो दिउँसो ढाकाको उत्तरा क्षेत्रमा बंगलादेश वायुसेना जेट दुर्घटनाग्रस्त हुँदा कम्तिमा २२ जनाको मृत्यु भएको छ भने १६९ जना घाइते भएका छन्। बंगलादेश वायुसेनाका F-7 BGI विमान दिउँसो १:०६ बजे प्रशिक्षण उडानका लागि उडेको थियो र त्यसको केही समयपछि ढाकाको उत्तरा क्षेत्रमा रहेको माइलस्टोन स्कूल एण्ड कलेज क्याम्पसमा दुर्घटनाग्रस्त भएको बंगलादेशको इन्टर-सर्भिसेज पब्लिक रिलेसन्स (ISPR) ले जनाएको छ। यो भयानक दुर्घटनाले विश्वको सबैभन्दा घना जनसंख्या भएको शहरहरूमध्ये एकभित्र वायुसेना बेस सञ्चालन गर्ने बारेमा तत्काल प्रश्नहरू उठाएको छ। दशकौं उडान अनुभव भएका विमान बंगलादेशका पूर्व कप्तान अब्दुल्लाह फारुकले सार्वजनिक रूपमा व्यावसायिक र नागरिक क्षेत्रहरूसँग सैन्य उडान सञ्चालनको निकटताको बारेमा आफ्नो चिन्ता व्यक्त गर्नु भएको छ।

**बाइट**

****** ० ******